आँबुखैरेनी गाउँपालिका
**गाउँ/कार्यपालिकाको कार्यालय**
आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# आ.व. २०७५/०७६ को निकासीको ठेक्कासम्बन्धी गोप्य सिलबन्दी बोलपत्र आह्वानको सूचना !

*प्रथम पटक सूचना प्रकाशित मिति २०७५/०४/२३ गते*

स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आँबुखैरेनी गाउँपालिका गाउँ कार्यपालिकाको निर्णयबमोजिम आँबुखैरेनी गाउँपालिका, तनहुँको क्षेत्राधिकारभित्र पर्ने देहायका शीर्षकहरूमा आव २०७५/०७६ का लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूवाट आफ्नो फर्मको नवीकरण भएको प्रमाण-पत्र, पान दर्ता/मूल्य अभिवृद्धिकर दर्ता प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी रीतपूर्वकको सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**स्थानीय निकासी कर:-** यस गाउँपालिकामा उत्पादन भई बाहिरी स्थानीय तह निकासी हुने कर शुल्क उठाउने कार्य :

| ठेक्का नं. | विवरण | न्यूनतम अङ्क अग्रिम आयकर र मु.अ.करबाहेक | फारम दस्तुर | धरौटी रकम | बोलपत्र खरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| १/०७५/०७६ | ढुंगा, गिट्टी, बालुवा, ईंट्टा, ब्लक, माटो, कृषि तथा पशुजन्य हाड छाला र बिक्री वितरणका लागि इजाजत प्राप्त वन्यजन्तु, जडीबुटी तथा अन्य सामग्रीको स्थानीय निकासी कर उठाउने कार्य | ८०,००,०००।०० (असी लाख मात्र) | ३०००।०० (तिन हजार) | कबोल अंकको ५% | ३० दिनभित्र |

**गाउँ कार्यपालिकाको बैठकले तोकेको दररेट**

१. ढुंगा, गिटी, बालुवा, ग्राबेल र रोडा-प्रति क्यु. फिट रू २.५०।-

२. स्लेट (विछ्याउने ढुंगा, खरि, चुन ढुंगा)-प्रति क्यु.फिट रू २.५०।-

३. भट्टामा प्रयोग गर्ने माटो-प्रति क्यु.फिट रू ०.३०।-

४. ईंट्टा निकासी-प्रति हजार रू ५०।-

५. ब्लक निकासी-प्रति गोटा रू ०.२०।-

६. पशु चौपाय सानो (खसि, बोका) - प्रतिगोटा रू २० ।

७. पशु चौपाया ठुलो (पाडा, रागा, बंगुर) - प्रतिगोटा रू ५०।-

८. पन्छी (कुखुरा, हाँस आदि) - प्रतिगोटा रू १।-

९. अदुवा- प्रतिक्विन्टल रू २०।-

१०. फलफुल (सुन्तला, केरा आदि) - प्रतिक्विन्टल रू ५०।-

११. तरकारी- प्रतिक्विन्टल रू २०।-

१२. माछा प्रतिक्विन्टल रू २००।-

**१३. कटिङ ढुंगा :**
- १२ इन्च वा सोभन्दा ठूलो प्रतिपिस रू ०.५०।-
- १२ इन्चभन्दा सानो प्रतिपिस रू ०.२५।-

**१४. कबाडी सामान :**
- बियर बोतल प्रतिगोटा रू १।-
- मदिरा सिसी प्रतिगोटा रू १।-
- चुर/फुटेको सिसा (सादा/रंगिन) प्रतिकेजी रू १।-
- अन्य बोतल प्रतिगोटा रू १।-
- प्लास्टिक जन्य पदार्थ प्रतिकेजी रू १।-
- फलाम प्रतिकेजी रू २।-
- सिलौट/जस्ता प्रतिकेजी रू १५।-
- तामा/पित्तल प्रतिकेजी रू ३०।-
- कागजजन्य पदार्थ प्रतिकेजी रू १।-
- हाड सिङ खोर प्रतिकेजी रू ५।-
- छाला प्रतिपिस रू ५०।-
- अन्य प्रतिकेजी रू १।-

१५. पानी प्रतिलिटर रू ०.२५।-

१६. साल जातको काठ गोलाई प्रति क्यु. फिट रू ३०।-/चिरान प्रति क्यु.फिट रू ५०।-

१७. खयर जातको काठ गोलाई: प्रतिक्यु. फिट रू २५।-

१८. सिसौ गोलाई प्रति क्यु फिट रू २०।-/चिरान प्रति क्यु.फिट रू ३०।-

१९. अन्य कु-काठ गोलाई प्रतिक्यु. फिट रू १०।-/चिरान प्रतिक्यु. फिट रू १५।-

२०. दाउरा प्रतिकेजी रू ०.१०।-

२१. बाँस प्रतिघनो रू २।-

- बोलपत्र फारम सूचना प्रकाशन भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र तोकिएको दस्तुर तिरी यस कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ र यस कार्यालयबाट खरिद भएको बोलपत्र ३१ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्रहरू ३१ औं दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । बोलपत्रदाता वा प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने, पेस गर्ने, खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सोही समय र स्थानमा गरिनेछ ।
- जुनसुकै ठेक्काको ठेक्का बन्दोबस्त गर्न कर शुल्क उठाउने दररेटको विवरण बोलपत्र फाराम साथ उपलब्ध गराइनेछ ।
- बोलपत्र खरिद गर्दा नेपाली नागररिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरूले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ. करसहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७३/०७४ को कर चुक्ताको नोटरी प्रमाणित प्रतिलिपि पेस गर्नुपर्नेछ ।
- यस कार्यालयबाट प्रमाणित भएको बोलपत्र फाराम स्वयं वा रीतपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर बुझाई खरिद गर्नुपर्नेछ ।
- बोलपत्र फाराम भरी पेस गर्दा आफूले कबुल गरेको रकम अंक र अक्षरमा प्रस्टसँग लेखी नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल बैंक लि. दमौली शाखामा रहेको च. हि. नं ०६००३००००००००३००००१६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिनसम्म म्याद भएको रीतपूर्वकको बैंक जमानी पत्र (बिडवण्ड) पेस गर्नुपर्नेछ । कबुल गरेको रकमको अंक र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
- बोलपत्र स्वीकृत भएपछि बोलपत्र दाताले स्वीकृत अंकको ५% ले हुने रकम यस कार्यालयको नेपाल बैंक लि. दमौली शाखामा रहेको च.हि. नं ०६००३००००००००३००००१६ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १३ महिना म्याद भएको रीतपूर्वकको बैंक जमानी पत्र (परफरमेन्स बण्ड) पेस गर्नुपर्नेछ ।
- ठेक्का सम्झौता गर्दा कबुल अंकको अग्रिम आयकरबापतको १.५% र मु.अ. करबापतको १३% रकम बोलपत्रदाताले व्यहोनर्टे गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अंकलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोस्रो किस्ता ५०% २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरी बाँकी ५०% को हकमा जमानतबापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७४ साउन मसान्तसम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स बण्ड) पेस गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौताको समयभित्र भूक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेस गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाइने छैन ।
- तोकिएको किस्ता म्यादभित्र नबुझाएमा गाउँपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्नेगरी कानुनी प्रक्रिया अपनाइनेछ । अशुल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्तिसमेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।
- कुनै पनि शर्त राखी पेस गरेको, हुलाकमार्फत पठाएको र रीत नपुगेको बोलपत्रमाथि कुनै कारबाही गरिने छैन ।
- ठेक्का सम्झौता गर्दा राखेको ५% धरौटी रकम २०७४/०७५ को करचुक्ता पेस गरेपछि फिर्ता दिइनेछ ।
- बोलपत्रदाताले ढुंगा, गिट्टी, बालुवा, ईंट्टा, माटो, स्लेट ढुंगा, ब्लक निकासी तथा पटके कर संकलन गर्दा उक्त आ.व. को लागि गाउँ कार्यपालिकाले तोकेको दररेटभन्दा बढी हुनेगरी निकासी गर्न पाइने छैन । उक्त दररेटभन्दा बढी हुने गरी रकम सङ्कलन गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- बोलपत्रदाताले मासिक रूपमा आफूले निकासी गरेको परिमाणको विवरण अनिवार्य रूपमा गाउँपालिकामा पेस गर्नुपर्नेछ ।
- पेस भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र बोलपत्र फारममा उल्लेख भएबाहेक अन्य कुराहरू प्रचलित ऐन, नियमअनुसार हुनेछ ।
- विस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समयभित्र फोन नं. ०६५-५४००८२ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।

**दुर्गा थापा**
प्रमुख प्रशासकीय अधिकृत